# कञ्चनरुप नगरपालिकाको चौथो नगरसभाका आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम

कञ्चनरुप नगरपालिकाको चौथो नगरसभाका सभाध्यक्ष महोदय,

नगरसभाका सदस्यज्यूहरु

- कञ्चनरुप नगरपालिकाको गरिमामय चौथो नगर सभाको बैठकमा कोरोना भाईरसका कारण श्रृजना भएको विषम् परिस्थितिका बीच आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न उभिएको छु । यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो जीवनउत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताको विरुद्ध जीवनपर्यन्त संघर्ष गर्नु हुने दिवंगत आदर्णीय नेताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । **"समृद्ध नेपाल र सुखि नेपाली"** वनाउने अभियानमा यस नगर सभाले लिएको नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वासका साथ नगरको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा गौरब महसुस भएको छ ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसका कारण विश्वमा एकैपटक मानविय र आर्थिक संकट सामना गर्नु परेको छ । यसबाट हाम्रो देश नेपाल र हामी कञ्चनरुप नगरवासी पनि अछुतो रहन सकेका छैनौं । स्वस्थ्य संकटबाट उत्पादन, व्यापार, रोजगारीको श्रृङ्खला प्रभावित हुँदा कञ्चनरुप नगरपालिकाको आन्तरिक आय संकुचित भई विकास निर्माणका कार्यमा समेत ठूलो असर परेको छ ।
- आगामी आर्थिक वर्षको बजेट नीति तथा कार्यक्रम नयाँ परिस्थितिले श्रृजना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहँदै कञ्चनरुपवासीको जीवन रक्षा गर्ने र भविष्यमा कञ्चनरुपको तिव्र विकासको बाटोमा लैजाने गरी मैले बजेट तर्जुमा गरेको छु ।
- यस जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने नगर प्रमुख ज्यू लगायत वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्यहरु, चिकित्सक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयं सेविकाहरु, नगरपालिका कर्मचारीहरु, वडा सचिवहरु, सुरक्षाकर्मी, सर-सफाईकर्मी, एम्बुलेन्स चालक, सामाजिक संघ/संस्था, निजी तथा व्यवसायिक क्षेत्र, सञ्चारजगत तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउनु हुने राजनीतिक दल विद्यालयका शिक्षक लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद् दिन चाहन्छु ।
- नेपालको संविधान २०७२ त्यस मातहत वनेका कनूनहरु, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौ योजना र दिगो विकासका लक्ष्यलाई आधार बनाएको छु । साथै कञ्चनपुर नगरपालिकाको आवधिक नगर विकास योजना, क्षेत्रगत नीति तथा रणनीतिहरुलाई आधार बनाउँदै, बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**

**वजेटको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु**

क) सङ्क्रामक लगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,

ख) उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शिघ्र आर्थिक पुनरुथान गर्दै विकासको गतिलाई निरन्तरता दिने,

